# समृद्धि फाइनान्स कम्पनी लिमिटेडको
# उन्नाइसौं वार्षिक साधारण-सभाको निर्णय (माइन्यूट) पुस्तिका

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडको १९औं वार्षिक साधारण-सभा सञ्चालक समितिका अध्यक्ष श्री विनोद कुमार सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**१. सभाको मिति, समय र स्थान :**

मिति : २०७७ पौष २७ गते, सोमबार (तद्नुसार २०२१ जनवरी ११ तारिख)
समय : बिहान ११ :०० बजे
स्थान : होटल सामना, हेटौंडा-४, मकवानपुर ।

**२.सभाको सूचना प्रकाशन**

क)यस फाइनान्स कम्पनीको मिति २०७७/०९/०४ मा बसेको सञ्चालक समितिको ३९६ औं बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४ (१)(क) मा भएको व्यवस्था अनुसार संस्थाको आ.व. २०७६/०७७ को १९औं वार्षिक साधारण-सभा मिति २०७७/०९/२७ गते बिहान ११:०० बजे बस्ने भनी कम्पनी ऐन २०६३ को दफा ६७ (२) मा भएको व्यवस्था बमोजिम मिति २०७७/०९/०७ गते र २०७६/०९/०९ गते आर्थिक अभियान दैनिक पत्रिकामा वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफलका विषयहरु समेत समावेश गरी सूचना प्रकाशन गरिएको ।

ख. उन्नाइसौं वार्षिक साधारण सभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन ,लेखापरीक्षण प्रतिवेदन अनुसूचीहरु, लगायतको पुस्तिका कम्पनीको वेभसाइटमा राखिएको तथा सवै शाखाहरु तथा प्रधान कार्यालयबाट संकलन गर्न सकिने व्यवस्था समेत गरिएको ।

ग) यस फाइनान्सको १९औं वार्षिक साधारण-सभामा कम्पनी रजिस्ट्रार कार्यालय, धितोपत्र बोर्ड र वि. ओ. के. क्यापिटल बाट पर्यवेक्षक प्रतिनिधिको उपस्थितिको लागि अनुरोध गरी पत्रचार गरिएको ।

**३ सभामा उपस्थिति :**

**क.** साधारण सभामा सञ्चालकज्यूहरुको उपस्थिति निम्न बमोजिम रहेको थियो ।

| | |
|---|---|
| १. श्री विनोद कुमार सुवेदी | अध्यक्ष |
| २. श्री शिब लाल पुरी | सञ्चालक |
| ३. श्री कुमार श्रेष्ठ | सञ्चालक (स्वतन्त्र) |
| ४.श्री दिपक अधिकारी | सञ्चालक |
| ५.श्री गुप्त व. राना | सञ्चालक |

**ख** . श्री रमेश घिमीरे — कम्पनी सचिव

**ग .पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री टिका निधी लोहनी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री विनोद राज पौडेल | मुख्य व्यवस्थापक |

**घ. पर्यवेक्षक प्रतिनिधिको तथा आमन्त्रितको उपस्थिति**

कम्पनी रजिस्ट्रार कार्यालय, धितोपत्र बोर्ड र वि. ओ. के. क्यापिटल बाट पर्यवेक्षक प्रतिनिधिको उपस्थिति नरहेको ।

**ङ. शेयरधनीहरुको उपस्थिति**

| **क.सं.** | **विवरण** | **संख्या** |
|---|---|---|
| १ | कुल शेयरधनीको संख्या (क+ख समूह) | ३१९४ |
| २ | कुल जारी शेयर कित्ता | ३६,०८,०५२ |
| ३ | आफै उपस्थित शेयरधनीहरुको संख्या | १४ |
| ४ | आफै उपस्थित शेयरधनीहरुको शेयर कित्ता | १५०,०५२ |
| ५ | प्रतिनिधि (प्रोक्सी) पत्रद्वारा उपस्थित संख्या | ४४ |
| | प्रतिनिधि (प्रोक्सी) पत्रद्वारा उपस्थित शेयर कित्ता | १७,४३,९५१ |
| ७ | जम्मा उपस्थिति | ५८ |
| ८ | कुल उपस्थिति कित्ता | १८,४५,५१८ |
| ९ | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत | ५२.५ प्रतिशत |

**४. साधारण सभाको वैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६९ मा उल्लेख भएबमोजिम सभाको बैधानिकता परीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) एवम् संस्थाको नियमावलीको नियम ५ मा भएको व्यवस्था बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित नभई साधारण सभाको कारवाही हुने छैन भन्ने व्यवस्था भएकोमा उपरोक्त बमोजिमको शेयरधनीहरुको उपस्थिति देखिएको हुँदा सभा पूर्ण वैधानिक भई सभाको काम कारवाही अघि बढाउन स्वीकृति भयो ।

**५. अध्यक्षदारा सञ्चालक समितिको प्रतिवेदनसहित साधारण सभाका एजेण्डाहरु प्रस्तुत :**

सञ्चालक समितिका अध्यक्ष विनोद कुमार सुवेदीले मन्तव्यसहित सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । साथै, अध्यक्षले आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन लगायत १९औं साधारण सभाका एजेण्डाहरु बैठकमा प्रस्तुत गर्न कम्पनी सचिवलाई अनुमती दिनुभयो । सोही अनुसार साधारण सभामा प्रस्तुत एजेण्डाहरुको बारेमा कम्पनी सचिवले साधारण सभालाई बिस्तारमा जानकारी गराउनुभयो ।

**(क) सामान्य प्रस्तावहरू :-**

(१) सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका अनुसूचिहरू माथि छलफल गरि पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री सुजन काफ्ले एल् आर एसोसिएट्स,चार्टर्ड एकाउन्टेन्ट्स् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।

(४) नयाँ सञ्चालकहरुको नियुक्ती अनुमोदन गर्ने ।

(५) विविध ।

**(ख) विशेष प्रस्तावहरू :-**

(१) कम्पनीको स्वीकृत प्रबन्ध-पत्रको दफा ५ को (क), (ख), (ग) , (घ) र (ङ) संशोधन गर्ने ।

(२) हाल कायम चुक्ता पूँजीको २:१ (दुई बराबर एक) को अनुपातले रु. १०० अंकित दरका २७,२९,७०५ कित्ता हकप्रद शेयर जारी गर्ने ।

(३) यस संस्थालाई अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासंग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसंग सम्पर्क गर्न, स्वीकृति लिन वा अन्य कुनै पनि विषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्ने लगायत सो सम्बन्धमा प्रचलित नियमानुसार जे जो गर्नु पर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

(४) प्रबन्ध-पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितापत्र बोर्ड, आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(५) सञ्चालकहरुको बैठक भत्ता तथा सुविधा बृद्धि गर्ने ।

(६) यस फाइनान्स कम्पनीको मुख्य कार्यालय परिवर्तन गरी काठमाडौं-२८, काठमाडौंमा स्थानान्तरण गर्ने बारे ।

(७) विविध ।

**६.छलफलका लागि आव्हान**

साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ६ मा उल्लेख भए अनुरुप अध्यक्षज्युको अनुमतिले कम्पनी सचिवले बोल्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

**७ .छलफलमा सहभागी हुने शेयरधनीहरु**

क .निरा गोर्खाली

ख.विजय सागर श्रेष्ठ

ग.विरेन्द्र प्रसाद ढुङ्गना
घ.राम प्रसाद श्रेष्ठ
ङ. मधुसुधन कंसाकार

**८. छलफलमा सहभागी हुने शेयरधनीहरुका धारणा जिज्ञासा तथा सुझाव**

छलफलमा सहभागी हुने शेयरधनीहरुका धारणा जिज्ञासा तथा सुझाावलाई सारांशको रुपमा देहाय वमोजिम प्रस्तुत गरिएको छ ।

क. **निरा गोर्खालीज्यूले** संस्थाको प्रगति तथा लगानी सम्बन्धका लागि सबै पुराना शेयरधनीहरुको संस्थामा अनिर्वाय रुपमा खाता सञ्चालन भएको हुनुपर्ने,आफ्नो संस्थाको Promotion को लागि Collection प्रणालीको विकास गरी अघि बढ्न सकिने सुझाव दिनुभएको थियो ।

ख. **विजय सागर श्रेष्ठज्यूले** संस्थाको छविलाई शसक्त रुपमा सुधार गर्न सकिने , आफ्ना संस्थापक तथा व्यापारिक केन्द्रहरुमा Collection को लागि संस्थाको तर्फबाट कर्मचारीहरु खटाई व्यापारिक पहुँच विस्तार गर्न सकिने कुरामा सुझाव दिनुभयो ।

ग. **विरेन्द्र प्रसाद ढुङ्गनाज्यूले** संस्थामा हुने संस्थागत तथा संचालकहरुको परिवर्तन लगाएतका विषयहरुमा प्रष्ट पारिदिन आग्रह गर्दै विगतमा भएका कर्जा असुली, गैरबैकिङ्ग सम्पत्तिको बेचबिखन आदि कुराहरुमा उल्लेख्य सुधार हुनसकेको,संस्थाको निष्कृय कर्जा मा कमिक रुपमा सुधार भई रहेकोमा प्रसंशा गर्नुभयो । साथै मुख्य कार्यालय हेटौंडाबाट किन काठमाण्डौ सार्न खोजिएको हो ? भनी प्रश्न गर्नुभयो ।

घ. **राम प्रसाद श्रेष्ठज्यूले** संस्थाले गरेको संस्थागत सुशासनको सुधार संस्थाको वार्षिक प्रतिवेदनमा झल्केको,संस्थागत सुशासनको प्रतिफलले पछिल्लो समयको संस्थाको छबीलाई नया आयाम दिन सक्ने प्रष्ट रुपमा देखिएको बताउनु भयो ।

ङ **मधुसुधन कंसाकारज्यूले** संस्थाले आफ्नो प्रमुख सुचकाङ्कहरुमा गर्न सकेको उल्लेख्य सुधार तथा आन्तरीक तथा बाह्य चुनौतिका बावजुद चालु आ.व.मा संस्थाले गर्न सकेको आर्थिक सुधार, निष्कृय कर्जामा गर्न सकेको सुधार लगायत हेटौडामा बिस्तार गर्न सकेको संस्थागत छविको बारेमा जिज्ञासा व्यक्त गर्नभयो । आगामी दिनमा शाखा विस्तार, पुराना संस्थागत शेयर होल्डरसँगको सम्बन्धमा वृद्धि गर्दै लैजान सकिने सुझाव दिनुभयो ।

**९ .सभामा व्यक्त भएका  धारणा  सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण**
छलफलमा सहभागी हुने शेयरधनीमहानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य जिज्ञासा तथा सुझावहरुलाई अध्यक्षज्यूले देहायबमोजिम स्पष्ट पार्नुभयो र सल्लाह सुक्षावहरुलाई मनन गरी आगामी कार्य योजना बनाउने कुरा प्रस्तुत गर्नुभयो ।

**अध्यक्षज्यूको जवाफ :-**

शेयरधनी महानुभावहरुबाट व्यक्त भएका मन्तव्य, जिज्ञासा, सल्लाह सुझाव तथा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गरिनेछ । सम्भव भएसम्मका सल्लाह तथा सुझावहरुलाई लागु गरिनेछ । शेयर धनीहरुको सुझावबमोजिम नै संस्थाको उत्तरोत्तर प्रगतिको लागि आफ्नो रणनितिबमोजिम कार्य गरिनेछ । आवश्यकता र औचित्यका आधारमा यस संस्थाको शाखा विस्तार गर्दै लैजाने लक्ष्य रहेको छ । साथै आगामी वर्षहरुमा कोभिड-१९ ले पार्ने असरलाई न्युनीकरण गर्दै शेयरधनीहरुलाई प्रतिफल दिन बैंक सञ्चालक समिति एवं बैंक व्यवस्थापन अथक रुपमा प्रयासरत रहनेछ ।

सभामा शेयरधनीहरुबाट थुप्रै बहुमूल्य सुझावहरु प्राप्त भएकोले ती सुझावहरुलाई फेरि पनि सञ्चालक समिति तथा व्यवस्थापन समूहबीच छलफल गरी उपयुक्त देखिएका र संम्भव भए सम्मका सुझावहरुलाई प्राथमिकताका साथ कार्यन्वयन गरिने छ ।

विगतमा भएका कमी कमजोरीहरुबाट पाठ सिक्दै आगामी वर्षमा द्रुतरुपमा शाखा सञ्जाल वृद्धि गरी प्रमुख सुचाङ्कहरुमा उल्लेख्य रुपमा सुधार गरिने छ । संस्थाको पञ्च वर्षिय रणनितिक योजना अनुरुप व्यवसाय विस्तार गर्दै लगिनेछ ,साथै संस्थाको व्यावसायिक सहजता र प्रतिस्पर्धात्मक लाभ हासिल गर्नका लागि रजिष्टर्ड कार्यालय काठमाण्डौ सार्नुपर्ने प्रस्ट पार्नुभयो ।

अन्त्यमा अध्यक्षज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुबाट प्राप्त सल्लाह सुझाव तथा भावना आदिको उच्च सम्मान गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग सल्लाह र सुझावको अपेक्षाका साथ सभामा प्रस्ताव गरिएको विषयहरुलाई सर्वसम्मत पारित गरी दिनको लागि अनुरोध गर्नुभयो ।

**<u>१०. सभाको प्रस्ताव तथा निर्णयहरु</u>**

**(क) सामान्य प्रस्तावहरु तथा निर्णयहरु :**

**प्रस्ताव नं. १.** सञ्चालक समितिको तर्फबाट प्रस्तुत भएको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

**निर्णय :** प्रस्ताव नं. १ अनुसार कम्पनीका अध्यक्ष श्री विनोद कुमार सुवेदीज्यूले कम्पनीको गतिविधि र भावी योजना समेत समेटेर सभामा प्रस्तुत गर्नुभएको संस्थाको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन सभामा पेश हुँदा शेयरधनीहरुले राख्नुभएको जिज्ञाशाको कम्पनीका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतले जवाफ दिनुभए पश्चात् सो प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं. २.** लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका अनुसूचिहरू माथि छलफल गरी पारित गर्ने ।

**निर्णय :** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७६/०७७ का लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोशिएटस् चार्टर्ड एकाउन्टेन्टस्ले दिनुभएको आ.व. २०७६/०७७ को लेखापरिक्षण प्रतिवेदन, उक्त आर्थिक वर्षको वासलात, सो अवधिको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसूचिहरु उपर छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

**प्रस्ताव नं. ३** लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड असोसिएट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।

**निर्णय :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७७/०७८ को लेखापरीक्षण कार्यको लागि सोही ऐन को दफा १६५ (घ) बमोजिम श्री सुजन काफ्ले एल. आर. एसोसिएट्स चार्टर्ड एकाउन्टेन्टस्लाई नियुक्ति गर्ने र निजको पारिश्रमिक रु १,७२,५००।०० (अक्षरेपी एक लाख बहत्तर हजार पाँचसय मात्र) मूल्य अभिवृद्धि कर बाहेक दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४.** नयाँ सञ्चालकहरुको नियुक्ती अनुमोदन गर्ने ।

**निर्णय :** मिति २०७६/०७/२९ गते बसेको सञ्चालक समितिको ३४१ औं बैठकले श्री केशव दास श्रेष्ठको उमेर हदको कारण पदमा रहिरहन उपयुक्त नभएकोले पदमुक्त हुनुभएको, उक्त रिक्त स्थानमा श्री दिपक अधिकारी नयाँ सञ्चालकको रुपमा मिति २०७७/०३/२९ मा संचालक समितिको ३७५औं बैठकले नियुक्ति गरेको र मिति २०७६/१२/२३ गते बसेको सञ्चालक समितिको ३५९औं बैठकले श्री टिका निधी लोहनीद्वारा व्यक्तिगत कारणले सञ्चालक तथा अध्यक्ष पदबाट दिइएको राजिनामा स्वीकृत गरी सञ्चालकको रिक्त स्थानमा सोही मितिमा श्रीमती विरङ्गना महर्जनलाई नियुक्ती गरेको र श्रीमती विरङ्गना महर्जनले मिति २०७६/०६/२३ मा सञ्चालक पदबाट राजिनामा दिनु भएकोमा उहाँको राजिनामा स्विकृत गरी उक्त स्थानमा २०७६/०६/२६ मा श्री गुप्त बहादुर रानालाई संचालक नियुक्ति गरिएकोमा सवै प्रक्रियाहरुलाई अनुमोदन गर्दै हाल सञ्चालक कायम रहनु भएका श्री दिपक अधिकारी र श्री गुप्त बहादुर रानाको नियुक्ती अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५. विविध ।**

**निर्णय :** छलफलका अन्य विषयहरु नभएकोले अध्यक्षज्यूले सामान्य प्रस्तावहरु परित गरिदिनु भएकोमा साधारण सभाका सबै प्रतिनिधिहरुलाई धन्यवाद दिंदै विशेष प्रस्तावहरु उपर छलफल गर्न आग्रह गर्नुभयो ।

**(ख) विशेष प्रस्तावहरू तथा निर्णयहरु :**

**प्रस्ताव नं. (१) कम्पनीको स्वीकृत प्रबन्ध-पत्रको दफा ५ को (क), (ख ), (ग) , (घ ) र (ङ) संसोधन गर्ने ।**

**निर्णय :** प्रस्ताव नं. १ मा छलफल गर्दा संलग्न तीनमहले बमोजिमको संस्थाको प्रबन्धपत्र -२०६५ को दफा ५ (क),(ख),(ग),(घ) र (ङ) संसोधन गर्ने सर्वसम्वतले निर्णय गरियो ।

| **साविकको व्यवस्था** | **प्रस्तावित व्यवस्था** | **कारण** |
|---|---|---|
| दफा ५(क) : वित्तीय संस्थाको अधिकृत पूँजी रु.८०,००,००,०००।०० (अक्षेरुपी असी करोड मात्र) हुने छ। उक्त पूँजीलाई रु. १००।०० का दरले ८०,००,०००।०० ( असी लाख थान) साधारण शेयरमा विभाजित गरिएको छ। | दफा ५ (क) :वित्तीय संस्थाको अधिकृत पूँजी रु. ८२,००,००,०००।०० (अक्षेरुपी बयासी करोड मात्र) हुने छ। उक्त पूँजीलाई रु. १००/- का दरले ८२,००,०००।०० -बयासी लाख थान) साधारण शेयरमा विभाजित गरिएको छ। | आ.ब.२०७७/७८ भित्र दुई शेयर बराबर नयाँ एक शेयर (२:१) को अनुपातमा शेयर जारी गर्ने पूँजी योजना रहेको। |
| दफा ५(ख :वित्तीय संस्थाको जारी पूँजी रु.५४,५९,४०,९००।०० ( अक्षेरुपी चौवन्न करोड उनान्साठ्ठी लाख चालिस हजार नौ सय मात्र) हुने छ। उक्त पूँजीलाई रु. १००।०० का दरका ५४,५९,४०९ (चौवन्न लाख उनान्साठ्ठी हजार चार सय नौ ) थान साधारण शेयरमा विभाजन गरिएको छ। | दफा ५ (ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने पूँजी रु ८१,८९,११,४००।०० (अक्षेरुपी एकासी करोड उनान्नब्बे लाख एघार हजार चार सय मात्र) हुनेछ। उक्त पूँजीलाई रु. १००।०० का दरले ८१,८९,११४ (एकासी लाख उनान्नब्बे हजार एक सय चौध ) थान साधारण शेयरमा विभाजित गरिएको छ। | आ.ब. २०७७/७८ भित्र दुई शेयर बराबर नयाँ एक शेयर (२:१) को अनुपातमा शेयर जारी गर्ने पूँजी योजना रहेको। |

| | | |
|---|---|---|
| दफा ५ (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ५४,५९,४०,९००।०० (अक्षरेपी चौवन्न करोड उनान्साठ्ठी लाख चालिस हजार नौ सय मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००।०० का दरका ५४,५९,४०९ (चौवन्न लाख उनान्साठ्ठी हजार चार सय नौ ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | **दफा ५ (ग) : वित्तीय संस्थाको चुक्ता पूँजी रु.** ८१,८९,११,४००।०० (अक्षेरुपी एकासी करोड उनानब्बे लाख एघार हजार चार सय मात्र) हुने छ । उक्त पूँजीलाई रु. १००।०० का दरले ८१,८९,११४ ( एकासी लाख उनान्नब्बे हजार एक सय चौध ) थान साधारण शेयरमा विभाजित गरिएको छ । | आ.ब. २०७७/७८ भित्र दुई शेयर बराबर नयाँ एक शेयर (२:१) को अनुपातमा शेयर जारी गर्ने पूँजी योजना रहेको । |
| दफा ५ (घ) संस्थापक शेयरधनीहरुलाई समुह 'क' मा वर्गिकरण गरिएको छ । सो समूहको शेयर स्वामित्व ६० प्रतिशत हुनेछ । | दफा ५ (घ) : संस्थापक शेयरधनीहरुलाई समूह 'क' मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५९.३७ प्रतिशत हुनेछ । | सुरुवातमा पुँजी बाँडफाँड भएको तथा विगत वर्षहरुमा बोनस सेयरमार्फत पुँजी वृद्धि हुदै जाँदा केही कित्ता शेयरहरु फयाक्सन (Fraction) मा रहेको र संस्थापक शेयरधनी समूहतर्फको शेयर स्वामित्व ५९.३७ प्रतिशत रहन गएकोले सोलाई प्रबन्धपत्रमा कायम गर्न आवश्यक भएको । |
| दफा ५ (ङ) :सर्वसाधारणमा जारी पूँजीको ४० प्रतिशत शेयर जारी गरी बिक्री गरिने छ । यस समुहका शेयरधनीलाई समूह 'ख' मा वर्गिकरण गरिएको छ । | दफा ५ (ङ) : सर्वसाधारणमा जारी पूँजीको शेयर स्वामित्व ४०.६३ प्रतिशत हुनेछ । सर्वसाधारण बिक्री गरिने शेयरका शेयरधनीलाई समूह 'ख' मा वर्गिकरण गरिएको छ । | सुरुवातमा पुँजी बाँडफाँड भएको तथा विगत वर्षहरुमा बोनस सेयरमार्फत पुँजी वृद्धि हुदै जाँदा केही कित्ता शेयरहरु फयाक्सन (Fraction) मा रहेको र सर्वसाधारण शेयरधनी समूहतर्फको शेयर स्वामित्व ४०.३७ |

| | | |
|---|---|---|
| | | प्रतिशत रहन गएकोले सोलाई प्रबन्धपत्रमा कायम गर्न आवश्यक भएको । |

**प्रस्ताव नं. २. हाल कायम चुक्ता पूँजीको २:१ (दुई बराबर एक) का अनुपातले रु. १०० अंकित दरका २७,२९,७०५ कित्ता हकप्रद शेयर जारी गर्ने ।**

**निर्णय :** विशेष प्रस्ताव नं. २ उपर छलफल गर्दा नेपाल राष्ट्र बैंकले यस संस्थालाई मिति २०७६/०४/१५ को पत्रबाट दुई वर्ष भित्र न्यूनतम चुक्ता पुँजी रु. ८० करोड पुऱ्याउन निर्देशन दिएकोले यस संस्थाको हाल कायम रहेको शेयर ५४,५९,४०९ कित्ताको २:१ ( दुई बराबर एक) का अनुपातले रु. १०० अंकित दरका २७,२९,७०५ कित्ता हकप्रद शेयर जारी गरी जारी पुँजी रू. ८१,८९,११,४०० ( एकासी करोड उनान्नब्बे हजार एक सय चौध ) र चुक्ता पुँजी रू. ८१,८९,११,४००( एकासी करोड उनान्नब्बे हजार एक सय चौध ) कायम गर्ने विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

**प्रस्ताव नं. (३)** यस संस्थालाई अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समभ्दारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसँग सम्पर्क गर्न स्वीकृती लिन वा अन्य कुनै पनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्ने लगायत सो सम्बन्धमा प्रचलित नियमानुसार जे जो गर्नु पर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

**निर्णय :**विशेष प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस संस्थालाई अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समभ्दारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसँग सम्पर्क गर्न स्वीकृती लिन वा अन्य कुनै पनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्ने लगायत सो सम्बन्धमा प्रचलित नियमानुसार जे जो गर्नु पर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं.** (४)प्रबन्ध-पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितो बोर्ड आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यकीय सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णय :** विशेष प्रस्ताव नं. ४ उपर छलफल गर्दा संस्थाको प्रबन्ध-पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितो बोर्ड आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यकीय सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. (५) सञ्चालकहरुको बैठक भत्ता तथा सुविधा बृद्धि गर्ने ।**

**निर्णय :** विशेष प्रस्ताव नं. ५ उपर छलफल गर्दा संस्थाको सञ्चालक समितिका सदस्यहरुलाई प्रत्येक बैठकमा उपस्थित भएवापत प्रदान गरिँदै आएको बैठक भत्ता तथा संस्थाको कामको शिलशिलामा उपस्थित भएवापत दैनिक भ्रमण भत्ता समय सापेक्ष वृद्धि गर्नुपर्ने प्रस्ताव सर्वसम्मत पारित भएकोले संस्थाको स्वीकृत नियमावलीको नियम २९ को (ख) र (ग) को (अ) मा संलग्न तीन महलेबमोजिम संशोधन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**<u>नियमावलीको नियम २९ मा संशोधन</u>**

| | | |
|---|---|---|
| नियम २९.१ सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :<br><br>(ख) समितिको बैठकमा उपस्थित भएवापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता रू. ३,०००।- हुनेछ ।<br><br>(ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br><br>(अ) दैनिक भत्ता रू. १,५००।- | नियम २९.१ सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :<br><br>(ख) समितिको बैठकमा उपस्थित भएवापत अध्यक्षलाई रू. ६,०००।- (छ हजार) र सञ्चालकलाई रू. ५,०००।- (पाँच हजार) भत्ता प्रदान गरिनेछ ।<br><br>(ग) वित्तीय संस्थाको कामको शिलशिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहायबमोजिम हुनेछ :-<br><br>(अ) दैनिक भत्ता रू. ४,५००।- | भत्ता तथा सुविधामा समय सापेक्ष हुने गरी परिवर्तन आवश्यकता भएकोले । |

**प्रस्ताव नं. (६) यस फाइनान्स कम्पनीको मुख्य कार्यालय परिवर्तन गरी काठमाडौं-२८, काठमाडौंमा स्थानान्तरण गर्ने बारे ।**

**निर्णय:** वित्तीय संस्थाको रजिष्टर्ड केन्द्रीय कार्यालय रहने ठेगानाका सम्बन्धमा संस्थाको नियमावलीको नियम २ र प्रबन्धपत्रको दफा २ मा भएको व्यवस्थालाई संलग्न तीन महले अनुसार हुने गरी संशोधन गर्ने ।

**नियमावलीको नियम २ मा संशोधन**

| **साविकको व्यवस्था** | **प्रस्तावित व्यवस्था** | **संशोधन गर्नुपर्ने कारण** |
|---|---|---|
| नियम २ : वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :<br><br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १, मा रहने छ ।<br><br>(२) यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १, मा रहने छ । र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ । | नियम २ : वित्तीय संस्थाको रजिष्टर्ड केन्द्रीय कार्यालय रहने ठेगाना :<br><br>(क) यस वित्तीय संस्थाको रजिष्टर्ड केन्द्रीय कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २८ मा रहनेछ ।<br><br>(ख) यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २८ मा रहने छ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नेपालभरि शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ । | व्यवासाय विकासका लागि संस्थालाई नयाँ ढंगबाट सञ्चालन गर्नको लागि बान्छनीय देखिएकोले । |

**प्रबन्धपत्रको दफा २ मा संशोधन सम्बन्धी तिन महले**

| **साविकको व्यवस्था** | **प्रस्तावित व्यवस्था** | **संशोधन गर्नुपर्ने कारण** |
|---|---|---|
| २. वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) रहने ठेगाना :<br><br>१. यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. १ मा रहनेछ ।<br><br>२. यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १ मा रहनेछ । र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोलि कारोबार गर्न सकिनेछ । | दफा २ : वित्तीय संस्थाको रजिष्टर्ड केन्द्रीय कार्यालय रहने ठेगाना :<br><br>(क) यस वित्तीय संस्थाको रजिष्टर्ड केन्द्रीय कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २८ मा रहनेछ ।<br><br>(ख) यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २८ मा रहने छ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नेपालभरि शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ । | व्यवासाय विकासका लागि संस्थालाई नयाँ ढंगबाट सञ्चालन गर्नको लागि बान्छनीय देखिएकोले । |

**७ ) विविध ।**

**<u>निर्णय</u> :** विविध शीर्षकमा कुनै विषय छलफलका लागि प्रस्तुत भएनन् ।

अन्त्यमा यस १९औं वार्षिक साधारण सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरुबाट कम्पनीको प्रगतिको लागि आफ्नो अमूल्य सुझावहरु व्यक्त गरी सभा सौहार्दपूर्ण वातावरणमा सफल गराई दिनु भएकोमा शेयरधनीमहानुभावहरु, सञ्चालकज्यूहरु, व्यवस्थापन एवम् कर्मचारी वर्ग तथा अन्य उपस्थित महानुभावहरुलाई धन्यवाद दिंदै अध्यक्षज्यूले सभा बिर्सजन भएको घोषणा गर्नुभयो ।

..............................
रमेश घिमिरे
(कम्पनी सचिव)

............................
विनोद कुमार सुवेदी
(अध्यक्ष)